# अनुसूची २

# कमल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा

# आगामी आ.व. ०७८/०७९ को लागि राजश्व परामर्श समितिको प्रतिवेदन

२०७७

स्थानीय राजश्व परामर्श समिति
कमल गाउँपालिका

(दिग्दर्शनको दफा ५.२.१ संग सम्वन्धित)

अनुसूचि २

# कमल गाउँकार्यपालिकाको कार्यालय

# आगामी आ. व. २०७८।०७९ को लागि राजश्व परामर्श समितिको प्रतिवेदन २०७७

(क) पृष्ठभूमि

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतीमा राज्य संचालन भएको यस परिवेशमा नेपालको बर्तमान संविधानले प्रदत्त गरेका स्थानीय तहका अधिकार क्षेत्र र स्थनीय विकासका आधारभुत क्षेत्रहरूको प्रभावकारी कार्यान्वयनको माध्यम बाट मुलुकको समृद्धिको मार्ग प्रसस्त गर्नु आजको प्रमुख अभिभारा भएको छ । यस अभिभारालाई परिणाममुखि बनाउन कमल गाउँपालिकाले संपादन गर्ने आर्थिक, भौतिक, सामाजिक तथा सास्कृतिक विकास र विस्तारका कार्यहरूलाई स्थानीय बासिहरूकै सहभागिता र साझेदारीमा व्यवस्थित, प्रभावकारी र समयबद्ध सञ्चालन व्यवस्थापनका लागि आधार तयार पर्नु अनिवार्य छ । स्थानीय तहलाई प्राप्त अधिकार र आर्थिक समृद्धिको माध्यम बाट समग्र गाउँपालिकाको समृद्धिलाई प्रारम्भिक आधार निर्माण गर्ने उद्देश्यका साथ कमल गाउँपालिकाले आवधिक योजना समेत तयार गरी सोहि बमोजिम विकासका तमाम योजना तथा कार्यक्रमहरूलाई सञ्चालन तथा व्यवस्थापन गर्ने अठोट र प्रतिवद्धता साथ कार्य गरिरहेको छ ।

समृद्ध कमल हाम्रो सरोकार भन्ने मूल नारालाई साकार पार्दै समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय कार्यभारलाई पूरा गर्नका लागि गाउँपालिकाको समृद्धिसंग सम्बन्धित विकासका तमाम योजनाहरूको सफल कार्यान्वयन संग जोडिएको आन्तरिक आयलाई बलियो बनाउनु अहिलेको प्रथम कर्तव्य भित्र पर्दछ । बर्तमान अवस्थामा आन्तरिक राजस्व न्यून रहेका कारण दैनिक प्रशासनिक खर्च धान्न सक्ने अवस्था नरहेको, उपभोक्ता लागत सहभागिता तथा संस्थागत लागत सहभागिता र साझेदारी न्यून रहेको, आन्तरिक श्रोतको पहिचान र Resource mapping को अभाव रहेको, गाउँको सम्पूर्ण सम्पत्तिको अभिलेख राख्न नसकिएको, उद्योग, व्यापार तथा व्यावशायीक प्रतिष्ठान र सर्वसाधारण गाउँपालिकाबासिहरू समग्रमा करको दायराभित्र आई नसकेको अवस्था छ । उपरोक्त समस्याहरूको सहज समाधान गर्दै आन्तरिक आयको हिसावले एक सक्षम गाउँपालिकाको रुपमा स्थापित गर्न कर तथा राजश्वका सम्भाव्य सवै दायराको खोजी र विस्तार गर्न तथा सवै सरोकारवालालाई आन्तरिक आय आर्जनमा सहभागि गराएर गाउँपालिका प्रतिको जनविश्वासमा बढोत्तरी ल्याउदै स्थानीय कर संकलनलाई मजबुत गराउदै लैजानु पर्ने अवस्था छ । हाल देशमा कोभि१९ को कारण बन्दाबन्दी भएबाट पर्याप्त मात्रामा राजश्व संकलन गर्न असहज अवस्था भएता पनि आगामि आ.व.०७७/०७८ मा सहज हुने अनुमानलाई दृष्टिगत गर्दै कर संकलनलाई प्रभावकारी गरि स्थानीय आय मजवुत बनाउदै लैजानु पर्ने बाध्यता छ ।

## १.२ राजश्व संकलन र परिचालनमा नेपालको ऐतिहासिक पृष्ठमूमि

नेपाल आर्थिक र विकास पूर्वाधारका हिसावले विश्व मान चित्रमा एक विकासोन्मुख, कम सहरिकरण र भुपरिवेष्टित (Landlocked) मुलुकको रुपमा परिचित छ । नेपाल प्राकृतिक मनोरम र सम्पदाको हिसावले धेरै महत्वपूर्ण राष्ट्रको रुपमा विश्व मान चित्रमा परिचित छ । वर्तमान अवस्थामा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रुपमा स्थापित भई सकेको यो देसको एकीकरणको पूर्वको ईतिहास करीव २५०० बर्ष पुरानो छ । नेपालको एकिकरण पछिका विभिन्न कालखण्डमा फरक फरक राजनैतिक आस्था र अवस्था सँग नेपालको ईतिहास सिर्जना भएको भएता पनि वित्तीय व्यवस्थापन र परिचालनको अवस्थाको अध्ययन गर्दा पद्म समशेरको पालामा तयार भएको पहिलो संवैधानिक दस्तावेज नेपाल सरकार बैधानीक कानून, २००४ मा पञ्चायती सभा अन्तर्गत ग्राम, नगर र जिल्ला पञ्चायतको संवैधानिक व्यवस्था रहेको पाईन्छ । नेपाल सरकार बैधानिक कानून २००४ कार्यान्वयनमा नआएको भएतापनि संबैधानिक रुपमै ग्राम, नगर र जिल्ला पञ्चायतको व्यवस्था हुनु तथा तीनले गर्ने काम कारवाहिको क्षेत्र समेतको परिकल्पना गर्नु विकेन्दीकरणको मर्म र भावनालाई तात्कालिन राणा शासकले समेत स्वीकार्न खोजेको अनुभूत गर्न सकिन्छ ।

नेपाल विकासको ऐतिहासिक क्रमसंगै सरकारले जिल्ला पञ्चायतलाई दिएको अनुदानको आधा हिस्सा ग्राम र नगर पञ्चायतलाई दामासाहीले बाँड्नु पर्ने र खर्च गर्नु पर्ने तथा नगर पञ्चायत ऐन २००६ जारी हुँदा नगरपालिकाहरू लाई घर जग्गामा बार्षिक कर लिने, घरजग्गा बहाल कर, व्यवसाय कर, सवारी दस्तुर, पानी कर, सार्वजनिक सम्पती (बाटो, पुल, अस्पताल आदि कर) साथै नक्सा पासका बारेमा समेत उल्लेख गर्नुले स्थानीय स्तरमा आय आर्जनका खुट्किलाहरूको व्यवस्थापन गर्न थालेको पाईन्छ । नेपाल सरकार अन्तरिम शासन विधान, २००७ ले राज्यले ग्राम पञ्चायतहरू खडा गरी तिनलाई स्वायत्त शासित संस्थाको रुपमा काम गर्न आवश्यक अधिकार दिनु पर्ने कुराको सिफारीस गर्नु, २००९ सालमा गठीत बुच आयोगले अधिकार प्रत्यायोजन र विकेन्द्रीकरणको आवश्यकता औल्याउनु, २०१३ सालमा गठित टंक प्रसाद आचार्य संयोजकत्वको प्रशासन पुनरगठन योजना आयोगले प्रशासनिक विकेन्द्रीकरणका लागि जिल्ला, गाउँ र ब्लकको सिफारीस गर्नु, वि.सं. २०१९ सालमा नगर पञ्चायतलाई घरधुरी कर र बहाल कर लगाउने अधिकार दिईनु, २०२२/०२३ सालमा स्थानीय कर पुनरावलोकन गरिनु, आ.व. २०३३/०३४ मा व्यापार कर ०.५ प्रतिशत लिन पाउने व्यवस्था गरिनु साथै उक्त ब्यापार करलाई २०४५ सालमा चुंगीकरको रुपमा स्थापित गरी १ ५ पुऱ्याईएर स्थानीय तहलाई आर्थिक सवलिकरण तर्फ उन्मुख गराउनु नेपालको ईतिहासमा स्थानीय राजश्व परिचालनका प्रमुख मार्गहरूको रुपमा चित्रित गर्न सकिन्छ ।

वि.स. २०३२ सालमा गठीत प्रशासन सुधार आयोग समेतको सिफारीसका आधारमा विकेन्द्रीकरण ऐन, २०३९ जारी जारी गरि स्थानीय निकायहरूलाई जिल्ला स्तरीय विकास कार्यको संचालन गर्ने उत्तरदायित्व तत्कालिन स्थानीय पञ्चायतको हुने र विकाससँग सम्बन्धित कृषि, शिक्षा, स्वास्थ्य वन आदि मन्त्रालयका जिल्ला स्तरीय कार्यालयहरू जिल्ला पञ्चायत सचिवालयका शाखाको रुपमा स्थापित हुने व्यवस्था गरेको थियो । उक्त काम सम्पादन गर्न स्थानीय निकायहरूलाई कर, दस्तुर, शुल्क लगाउने अधिकार यस ऐनले प्रदान गरेको थियो भने गाउँ तथा नगर स्तरमा पञ्चायत विकास तथा जग्गा कर सर्वसंचित कोषमा ५ प्रतिशत, जिल्ला पञ्चायतमा १५ प्रतिशत र बाँकी सम्बन्धित गाउँ तथा नगरलाई दिने व्यवस्था गरेको पाईन्छ ।

वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पश्चात स्थानीय निकायलाई थप सुदृढ बनाउन साविकका गाउँ, नगर तथा जिल्ला पञ्चायत ऐनलाई खारेज गरी गाउँ विकास समिति, नगरपालिका र

जिल्ला विकास समिति ऐन २०४८ जारी गरीएको थियो । ऐनहरूमा स्थानीय निकायहरूलाई विभिन्न करहरू लगाउने क्षेत्राधिकारको व्यवस्था गरिएको थियो । तात्कालिन प्रधानमन्त्री गिरीजाप्रसाद कोईरालाको अध्यक्षतामा गठित उच्च स्तरीय प्रशासन सुधार आयोग, २०४८ ले केन्द्रीय सरकारले स्थानीय निकायलाई अधिकार, कार्य जिम्मेवारी र श्रोत साधन निक्षेपण गर्न सिफारीस गरेको, आ.ब. २०५३/०५४ देखि मालपोत उठाउने अधिकार गाउँ विकास समिति र नगरपालिकाहरूलाई दिईएको, वि.सं. २०५३ सालमा शेरबहादर देउवाको अध्यक्षतामा गठित उच्चस्तरीय विकेन्द्रीकरण समन्वय समितिको प्रतिवेदन अनुसार स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावलीको २०५६ व्यवस्था गरिनुले नेपालको संबैधानीक विकास क्रम संगै प्रजातन्त्रको पुनरस्थापना सम्म आईपुग्दा स्थानीय सरकार संचालन र व्यवस्थापनका लागि आवश्यक आन्तरिक राजश्वको व्यवस्थापनकालागि समयानुकूल करका दर अनी दायराहरूलाई फराकिलो पार्दै स्थानीय तहलाई आत्मनिर्भर बनाउने तर्फ प्रयासहरू भई रहेको देखिन्छ ।

साविकका स्थानीय निकायहरूलाई स्वायत्तताको हिसावले क्षमतावान बनाउन अधिकार निक्षेपणको सिद्धान्तका आधारमा राजश्वका श्रोत तथा राजश्व बाँडफाँडका बिषयलाई थप गरी एकीकृत रुपमा स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ को व्यवस्था गरियो । तर उक्त ऐन तथा नियमावली मार्फत साविक स्थानीय निकायलाई अधिकार सम्पन्न गरिनु पर्ने आवश्यकतालाई केहि हद सम्म संकुचन गर्दै केन्द्रबाट राजश्व बाँडफाड घरजग्गा रजिष्ट्रेशन, विद्युत रोयल्टी आदि तल्लो तह गाउँ विकास समिति तथा नगरपालिकामा बाँडफाँड गर्नु पर्ने व्यवस्था नगरे पनि जिल्लाले सम्बन्धित नगरपालिकाका क्षेत्र बाट उठाएको ऊन, खोटो, जडिबुटी, कवाडी माल, ढुंगा, स्लेट, बालुवा तथा प्रचलित कानूनले निषेध नगरिएका मृत जिवजन्तुको हाड सिंग, खुर आदि बाट संकलित रकमको ३५ देखी ५० प्रतिशत सम्बन्धित गाउँ विकास समिति र नगरपालिकालाई दिनुपर्ने व्यवस्था गरेको पाईन्छ । यतिमात्र हैन स्थानीय निकायलाई ऐनले तोकिदिएका जिम्मेवारीहरू पुरा गर्न हरेक बर्ष नेपाल सरकारबाट शसर्त र निशर्त अनुदान उपलब्ध गराउने समेतको ब्यवस्था गरिएको छ । यस्तो अनुदान बाहेक खानी, बन, विद्युत, पर्यटन, रजिष्ट्रेशन जस्ता क्षेत्रबाट संकलित राजश्वको निश्चित प्रतिशत स्थानीय नियकायलाई दिने समेतको ब्यवस्था देखिन्छ । वर्तमान संबिधान २०७२ को कार्यान्वनयले संघीय संरचनालाई स्थापित गरी संघ, प्रदेश र स्थानीय गरी ३ तहको सरकारको ब्यवस्था गरिसकेको बर्तमान अबस्थामा सो अधिकार समेत स्थानीय तहमा नै हस्तान्तरण गरिनुले वर्तमान स्थानीय तह अधिकार सम्पन्न भई स्थानीय सरकारको रुपमा स्थापित हुने कमको सुरुवात भएकोछ भने संबिधान प्रदत्त अधिकारको प्रयोग र ब्यवस्थापनको माध्यम बाट स्थानीय ऐन र नियमको समेत तर्जुमा गरी स्थानीय तह आफैले संकलन गर्न पाउने कर तथा राजश्वका क्षेत्रलाई थप फराकिलो र बैज्ञानीक बनाउदै क्षमतावान स्थानीय सरकारको रुपमा स्थापित र विकासित गर्न अझ प्रयास गर्नु पर्ने आबश्यक्ता देखिन्छ । यति मात्र हैन वर्तमान अवस्थामा देखिएका नीतिगत एवं व्यवहारिक कठिनाई तथा समस्याहरूको कमिक रुपमा निराकरण गर्दै स्थानीय तहको आन्तरिक श्रोत परिचालनको अवस्थालाई अझ बढी व्यवहारिक, न्यायोचित र पूर्वानूमान योग्य बनाउन यसका प्रमुख आधारहरूलाई सहभागितामुलक प्रकृया बाट अध्ययन तथा विश्लेषण गरी नतिजाको आधारमा आवश्यक कार्यान्वयन योग्य नीति तर्जुमा र संस्थागत गर्न थप प्रयसको आवश्यकता छ ।

राज्यको पुन संरचना संगै बदलिएको बर्तमान परिवेशमा केन्द्र सरकार तथा प्रदेश सरकारले स्थानीय तहले पालना गर्नु पर्ने न्युनतम शर्तहरू तथा उनीहरूको कार्य सम्पादन क्षमताको आधारमा उपलब्ध गराउने अनुदान समेतलाई नियमित गर्ने वातावरणको थप विकास भएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयन संगै स्थानीय तहले आन्तरिक आय आर्जनका स्रोतहरूको

पहिचान, क्षेत्र विस्तार र सवै करदाताहरुको सार्थक र सहज सहभागिताको सुनिस्चितताबाट बार्षिक रुपमा आयबृद्धि र बाह्य अनुदान तथा कानून बमोजिम ऋण तथा सापटी समेतको माध्यम बाट स्थानीय तहको समृद्धिको मार्ग व्यवस्थित गर्ने बाटो प्रशस्त भएको छ । यस गाउँपालिकाका जनप्रतिनिधि, समाजिक संघ संगठनका प्रतिनिधि, राजश्व परामर्श समिति लगायतका सरोकारवाला सँग व्यक्तिगत तथा सामुहिक रुपमा परामर्श छलफल गरी यस प्रतिवेदनमा प्रस्ताव गरीए बमोजिमका दर रेटहरू कायम गर्न एवम् सुझावहरू कार्यान्वयन गर्न सके कमल गाउँपालिकालाई एउटा व्यवस्थित र समृद्धिको दरिलो वातावरणको विकास सहितको गाउँपालिकाको रुपमा स्थापित हुने कुरामा दुई मत हुन सक्दैन ।

### (ख) राजस्वको मौजुदा अवस्थाको विश्लेषण

कमल गाउँपालिका स्थापना भए पश्चात स्थानीय सरकारको अवधारणा मार्फत स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भए अनुसार राजश्वका अधिकारहरुको प्रयोग गर्ने सन्दर्भमा गत चा.लु. आ.व. २०७७/०७८ मा कूल स्थानीय आय वापत रु.१,७५,००,००० /- (एक करोड पचहत्तर लाख) अनुमानित गरिएकोमा २०७७ मंसिर मसान्तसम्ममा ७७,५१,६५३/-( सतहत्तर लाख एकाउन्न हजार छ सय त्रिपन्न मात्र ) रकम मात्र संकलन भएको अवस्था छ । देशमा हाल पनि कोरोनाको संकक्रमणको अवस्था विद्यमान रहेको र सो बाट अझै पनि व्यापार व्यवसायहरु राम्रो सँग फस्टाउन नसकेकेको भएता पनि अनुमान गरिएको राजश्व रकम संकलन हुन सक्ने देखिन्छ । यसको लागि करदाता शिक्षा, प्रचार प्रसार एवं कर तिर्नका लागि समय समयमा विभिन्न सूचनाहरु जारी गर्नु पर्ने देखिन्छ । साथै घुम्ती कर टोली समेत खटाई कर संकलन गर्न सके अनुमान गरेको भन्दा बढी मात्रामा कर उठाउन सकिने अवस्था छ । उल्लेखित अवस्थालाई मध्यनजर गर्दै राजश्वका शिर्षकगत रुपमा विश्लेषण गरि देहाय अनुसार आगामि आ.व. २०७७/०७८ को लागि राजश्वको अवस्था विश्लेषण गरि सुझाव प्रदान गरिएको छ ।

### (ग) करका आधारहरु

- विगतका वर्षहरुमा संकलन भएको रावश्वको रकम दर र दायरा

- स्थानीय सरकार सन्चालन ऐनले दिएको अधिकार र सो अनुसार व्यवस्था भएका कर सम्बन्धी अधिकारहरु

-नेपाल सरकारबाट समय समयमा राजश्व संकलन सम्बन्धमा प्राप्त भएको आदेश एवं सुझावहरु

-आर्थिक अध्यादेशहरु संघीय सरकार

- प्रदेश सरकार आर्थिक ऐन बाट प्राप्त भएका कर सम्बन्धी विभिन्न विषयहरु

### (घ) आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैर कर राजस्व दर

### आन्तरिक श्रोतबाट प्राप्त हुने अनुमानित आय विवरण

| आ.व. २०७८।७९ का लागि आन्तरिक आयको प्रस्तावित प्रक्षेपण को संक्षिक्त विवरण | | | | |
|---|---|---|---|---|
| क.सं. | आय स्रोतका क्षेत्र | आ.व.०७७/०७८ | ०७८/०७९ | कैफियत |
| १. | सम्पत्ती कर | ४६,९५,००० | ५७,७७,००० | |
| २. | भुमिकर/मालपोत | १५,००,००० | १५,००,००० | |
| ३. | घर वहाल कर | ५,००,००० | ५,००,००० | |

| | | | | |
|---|---|---|---|---|
| ४. | वहाल विटौरी कर | ५,००,००० | ५,००,००० | |
| ५. | विज्ञापन कर | ६,५५००० | ३०००००, | |
| ६. | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ५,५०,००० | ५,५०,००० | |
| ७. | अन्य संस्थागत आन्तरिक अनुदान | ३३००००० | ३३००००० | |
| ८. | सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त रकम | १००००० | १००००० | |
| ९. | न्यायिक दस्तुर | २,००,००० | २,००,००० | |
| १० | शिक्षा क्षेत्रको आम्दानी | १,००,००० | १,००,००० | |
| ११. | परीक्षा शुल्क | १,००,००० | १,००,००० | |
| १२. | अन्य प्रशासनिक सेवा शूल्क | ४,००,००० | ४,००,००० | |
| १३. | नक्सा पास दस्तुर | १५,००,००० | २५,००,००० | |
| १४. | सिफारिस दस्तुर | ३०,००,००० | ३५,००,००० | |
| १५. | व्यक्तिगत घटना दर्ता दस्तुर | ४,००,००० | ४,००,००० | |
| १६. | नाता प्रमाणित दस्तुर | २,००,००० | २,००,००० | |
| १७. | अन्य दस्तुर | १५,५०,०००० | १५,५०,०००० | |
| | व्यवसायिक रजिष्ट्रेशन दस्तुर | १५,००००० | १५,२५,००० | |
| १७. | प्रशासनिक दण्ड जरिवाना र जफत | १,००,००० | १,००,००० | |
| | अन्य राजश्व | | | |
| | जम्मा | १,७५,००,००० | २०१,२५,००० | |
| कुल जम्मा | | १,७५,००,००० | २०१,२५,००० | |

माथि उल्लेखित राजश्व शिर्षकहरुमा उल्लेख भए अनुसारको राजश्वको कूल अनुमानित रकम देहाय अनुसारकाका शिर्षकहरुबाट संकलन हुने अनुमान गरिएको छ ।

## १ सम्पत्ति कर

| क. स. | सम्पत्तिको मूल्यांकन (जग्गा ) | करका दर |
|---|---|---|
| १. | रु. ५००००० (पाँच लाख) सम्मट | रु. १०० |
| २. | रु. ५००००१ ( पाँच लाख एक)देखि २५००००० (पच्चिस लाख) सम्म | प्रतिलाख रु. १२ |
| ३. | रु. २५००००१ (पच्चिस लाख एक)देखि ५०००००० (पचास लाख) सम्म | प्रतिलाख रु. १५ |
| ४. | रु. ५००००००१(पचास लाख एक) देखि १०००००००० (एक करोड) सम्म | प्रतिलाख रु. १७ |
| ५. | रु. १०००००००१ (एक करोड एक) देखि २०००००००० (दुई करोड) सम्म | प्रतिलाख रु. २२ |
| ६. | रु. २०००००००१ (दुई करोड एक) देखि ५०००००००० (पाँच करोड) सम्म | प्रतिलाख रु. ३२ |

| | | |
|---|---|---|
| ७. | रु. ५००००००१ (पाँच करोड एक) १०००००००० (दश करोड) सम्म | प्रतिलाख रु. ३७ |
| ८. | रु. १००००००० १ (दश करोड एक) देखि माथि | प्रतिलाख रु. ४२ |

## २ सम्पत्तिको मूल्यांकन (घर)

| क. स. | सम्पत्तिको मूल्यांकन ( घर ) | मुल्याकन दर |
|---|---|---|
| १. | कच्ची घर (फुसको) प्रति वर्गफिट | १०० |
| २. | टाटीवेरारसेन्टर वेरा टिनको छाना भएको घर प्रति वर्गफिट | ४०० |
| ३. | ईटाको जोडाई टिनको छाना भएको अर्धपक्की घर प्रति वर्गफिट | १,२०० |
| ४. | पक्की आर. सि. सि. संरचना छत ढलाई भएको पिलर विनाको प्रति वर्गफिट | १,८०० |
| ५. | आर.सि. सि. पक्की घर प्रति वर्गफिट | २,००० |

## ३ ह्रासकट्टी

| क. स. | विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | कच्ची घर संरचना | | अर्धपक्की घर संरचना | | पक्की घर संरचना | |
| | समयावधि | प्रतिशत | समयावधि | प्रतिशत | समयावधि | प्रतिशत |
| १. | १-५ वर्ष | ३० | १-५ वर्ष | १० | १-५ वर्ष | ५ |
| २. | ६-१० वर्ष | ४० | ६-१० वर्ष | १५ | ६-१० वर्ष | १० |
| ३. | ११-१५ वर्ष | ६० | ११-१५ वर्ष | २५ | ११-१५ वर्ष | १५ |
| ४. | १६-२० वर्ष | ७० | १६-२० वर्ष | ४० | १६-२० वर्ष | २५ |
| ५. | २१-२५ वर्ष | ८० | २१-२५ वर्ष | ५० | २१-२५ वर्ष | ४० |
| ६. | २६-१०० वर्ष | ९० | २६-१०० वर्ष | ८० | २६-१०० वर्ष | ८० |

म्याद भित्र विवरण दाखिला नभएमा वा कर नबुझाएमा लिइने थप शुल्कको दर

| चालु आ.व.को ३ महिना सम्म | चालू आ.व.भित्रै म्याद नाघेमा प्रति लाख | एक आ.व. म्याद नाघेमा | म्याद नाघेको एक आ.व.पछि तेस्रो आ.व.सम्म | म्याद नाघेको तेस्रो आ.व. पछी प्रत्येक आ.व. को |
|---|---|---|---|---|
| १०% छुट | ०% छुट | १०% जरिवाना | १५% जरिवाना | २०% जरिवाना |

कमल गाउँपालिकाले आ.व. २०७८।०७९ मा असुल गरिने सम्पत्ति तथा भूमि कर प्रयोजनको लागि वडागत रुपमा निर्धारण गरिएको सम्पत्ति तथा जग्गाको मूल्याङ्कन विवरण

वडा नं. १

| क्र. स. | स्थान | न्यूनतम मूल्य |
|---|---|---|
| १. | सुनाहारा चोक हुँदै प्रसाईं चोकसम्मको मूल सडकको दायाँ वायाँ ३० मिटरभित्रका जग्गा प्रतिकट्ठा | ५००,००० |
| २. | बाँसबाँरी हुँदै गडुरमारी जाने सडकको दायाँ वायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ५००,००० |
| ३. | सुनाहारा हुँदै बाँसबाँरी, सरडपाडाहुँदै सोलमारी आउने तेर्सो सडक तथा रतन चौनका उच्च स्तरका ग्राभेल सडकको दायाँ वायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | २५०,००० |
| ४ | अन्य सडकको दायाँ वायाँ ३० मिटरभित्रका जग्गा प्रतिकट्ठा | १५०,००० |
| ५ | सडकले नछोएका खेतीयोग्य जमिन | १००,००० |
| ६ | खोलावगरका जग्गाहरु | २५,००० |

वडा नं. २

| क्र. स. | स्थान | न्यूनतम मूल्य |
|---|---|---|
| १. | केर्खा ( क्याम्पा ( सरडपाडा सडकखण्डको मिलन चौक देखि क्याम्पा वजारको दक्षिण सिमाना हेल्थपोष्ट जाने बाटोसम्मका सडकको दायाँ वायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ८००,००० |
| २. | समयगढ वजार क्षेत्रका सडकको दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ८००,००० |
| ३. | स्तरोन्नति भएका वडा नं २ का ग्राभेल सडकको दायाँ वायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ३५०,००० |
| ४. | माथि उल्लेखित जग्गाहरु बाहेकका ग्राभेल तथा कच्ची सडकको दायाँ बायाँका जग्गा प्रतिकट्ठा, | २००,००० |
| ५. | कुनै पनि सडकले नछोएका खेतीयोग्य जग्गाको प्रति कट्ठा | १००,००० |
| ६. | खोला धार , बंगर झाडी भएको जग्गाप्रति कट्ठा | ५०,००० |

वडा नं. ३

| क्र. स. | स्थान | न्यूनतम मूल्य |
|---|---|---|
| १ | केर्खा खोला देखि ढयाङ्गी खोलासम्मको पूर्व पश्चिम लोकमार्गको दायाँ वायाँ ५०० मिटर भित्रका जग्गा प्रतिकट्ठा | २०,०००,००० |
| २ | कमल खोला देखि केर्खा खोलासम्म पूर्व पश्चिम लोकमार्गको दायाँ वायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | १,०००,००० |
| ३ | केर्खा ( क्याम्पा ( सडक खण्डको निहारिका स्कुल देखि शिबालय मन्दिर सम्मको | १०००,००० |

| | | |
|---|---|---|
| | सडकको दायाँ वायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| ४ | डाँडाटोल गुरुङ्ग टोल सडकको दायाँ वायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ८००,००० |
| ५ | शिबालय मन्दिर देखि मिलन चौकसम्मको सडकको दायाँ वायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ८००,००० |
| ६ | माथि उल्लेखित बाहेक अन्य ग्राभेल तथा कच्ची सडकको दायाँ वायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ४००,००० |
| ७ | खोलाधारका जग्गा प्रतिकट्ठा | ५०,००० |
| ८ | कुनै किसिमका सडकले नछोएका खेतीयोग्य जमिन प्रतिकट्ठा | १५०,००० |

वडा नं. ४

| क. स. | स्थान | न्यूनतम मूल्य |
|---|---|---|
| १ | ढ्याङ्गी खोला देखि पश्चिम लोकमार्गको दायाँ वायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | १,५००,००० |
| २ | सीतापुरीचौक देखि दक्षिण साविक वडा नं. ५, सम्म, अमलडाँगी, किराँत चौक, जीवन चौक वारीका सडकको दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | १,०००,००० |
| ३ | क्याम्पा ( मंगलबारे सडकबाट दक्षिण जीवन चौक सम्मको सडकको दायाँ बायाँ ३० मिटर भित्रका जग्गाहरु | ५००,००० |
| ४ | जीवनचौक देखि किस्ने खोला पश्चिमसम्म, किराँत चौक देखि छलफल चौक सम्म, जीवन चौक पूर्व छलफल चौक हुँदै समयगढ सम्म, किराँत चौक देखि दक्षिण भलायो डाँडा हुँदै ग्राभेल शाखा, पाथिभरा टोल सडक दायाँ वाँया | ५००,००० |
| ५ | चुलाचुलीमोड देखि डाँफे सडक सम्म, एकता टोल, ज्योति चौक देखि दक्षिण गौरी टोल सम्म, मंगलवारे मुजुरभिट्टा सडक, खानेपानी पश्चिम भुत्लुङ्ग पुल सम्मको सडकको दायाँ बायाँ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ७००,००० |
| ६ | जीवन चौक देखि किस्ने दोभानसम्म, गैरीगाउँ हुँदै राना डाक्टर बाटो, सरस्वती आधारभूत विद्यालय सडक खण्ड,  सरस्वती टोल सडक खण्ड, मिलडाँडा दक्षिण सडकको दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ४००,००० |
| ७ | समयगढ वजार क्षेत्रका सडकको दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ८००,००० |
| ८ | जीवन चौक देखि दक्षिण दुग्ध संस्थान मुनि किस्ने खोलाको पुल सम्म, कच्ची बाटोले छोएका भित्री जग्गाहरु प्रतिकट्ठा | २००,००० |
| ९ | यस वडाका कुनै सडकले नछोएका खेतीयोग्य जग्गाहरु प्रतिकट्ठा | १००,००० |
| १० | ढयाङग्री, भुत्लुङ्ग खोला किनारका जग्गा प्रतिकट्ठा | ५०,००० |

वडा नं. ५

| क. स. | स्थान | न्यूनतम मूल्य |
|---|---|---|

| | | |
|---|---|---|
| १ | रतुवापुल देखि सीतापुरी चौक हाईवे लोक मार्गको दायाँबायाँको ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | २,०००,००० |
| २ | त्रिवेणीचौक पूर्व गेउरिया पुल कजवे सिमाना सडक सम्म, पाडाजुङ्गी चौक दक्षिण गौरीगञ्जसडक मंगलबारे वजार सिमानाको सडकको दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | १,५००,००० |
| ३ | नमुनाचौक हुँदै रेन्जी चौक सम्मको दाया बाया सडक प्रतिकट्ठा | १,२००,००० |
| ४ | लभडाडा देखि त्रिवेणी चौक सम्मको दाया र बाया सडक हिमाली मार्ग पाडाजुङ्गी चौक उत्तर गुहेश्वरी खेलमैदान सम्म न्यूनतम मूल्य, सिमाना सडक गेउरिया पुल कजवे पूर्व मिलडाँडासम्म, सहिद मार्ग गौरीजञ्ज सडक र हाईवे लोक मार्गको भित्री सडक, पाथिभराचौक दक्षिण पाडाजुङ्गी चौक पूर्वका सडक, भूपराज मार्ग दक्षिण पारुहाङ्ग चौकसम्मको सडक, सीतापुरी दक्षिण मिलडाडा सम्मको पश्चिम भाग सडक | १,०००,००० |
| ५ | गुहेश्वरी हिमाली मार्ग पश्चिम देखि गुहेश्वरी हिमाली मार्ग जोडिने सडक, पाथिभरा पूर्व खेलमैदान हुँदै दक्षिण रेडक्रस भवनसम्म जाने सडक, रतुवा पुल उत्तर बाधडाँडा हुँदै रवि प्रेट्रोल पम्म सम्मको सडकले छोएको जमिन, मंगलबारे चौक देखि पूर्व गेउरिया खोला हुँदै काठे पुल सम्म जाने सडक, हाईवे दक्षिण रेडक्रस भवन उत्तर मनसुन बोडिङ्ग हुँदै गौरीगञ्ज सडक पूर्व ठाडो पश्चिम भित्र पर्ने प्लटिङ्गका सडकहरु , साबित्रा चौक दक्षिण गेउरिया खोला सम्मका सडक, लाबरबोटे पैनी दक्षिण सयपत्री मार्ग देखि राधाकृष्ण मन्दिर हुँदै सतार डाँडा सम्मको सडक, पाथिभरा चौक पूर्व दक्षिण गेउरियाखोला सम्मको सडकको दायाँ वायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ८००,००० |
| ६ | गुहेश्वरीटोल गणेश मन्दिर दक्षिण हिमाली मार्ग सडकसम्म, हिमाली मार्ग दक्षिण कृषि सडक गिता आयल पूर्व सम्मको, गुहेश्वरी पूर्व हिमाली मार्ग देखि पूर्व दक्षिण नयाँबस्ती सीतापुरी पश्चिम किराँतेश्वर शिव मन्दिर सम्मको सडकको दायाँ बायाँ ३० मिटरभित्रका जग्गा प्रतिकट्ठा | ७००,००० |
| ७ | राधाकृष्णमन्दिर पश्चिम तर्फको सडकको दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ६००,००० |
| ८ | गुहेश्वरी स्कुल पश्चिम उत्तर बरडाडा जाने सडक, त्रिवेणी चौक देखि पश्चिम रतुवा खोला पूर्वका सडकको दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ५००,००० |
| ९ | सीतापुरीठाडो बाटो मिलडाँडा हुँदै वडा नं. ५ र ६ को सिमाना उत्तर पूर्वका खेतीयोग्यजग्गा प्रतिकट्ठा | २००,००० |
| १० | सडकले नछोएको हाईवे दक्षिण गेउरिया खोला किनारका जग्गा प्रतिकट्ठा | १००,००० |
| ११ | चाजु टुक्रे दक्षिण रतुवा पुल सम्मको पश्चिम भागका जग्गा प्रतिकट्ठा | २५,००० |

वडा नं. ६

| क. स. | स्थान | न्यूनतम मूल्य |
|---|---|---|
| १ | त्रिबेणीचौकदेखि मंगलबारे,कांटा चौक,गेउरिया कज्वेसम्म,मंगलबारे वजार देखि जिम्दार चौकहुँदै, गेउरिया वजारसम्म सडककोदायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | १,०००,००० |
| २ | त्रिबेणीचौकदेखि गोहाबारी चौक सम्म,कांटा चौक देखि तिनपैनी सम्म, हिमाली बोर्डिङ्ग जानेमार्ग, मिनि मार्ग, जिम्दार चौक पश्चिम क्षेत्रका, भिलेज होटल पश्चिम क्षेत्रकासडक | ८००,००० |

| | | |
|---|---|---|
| | दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| ३ | दहिचौक देखि जीवन चौकसम्म,शान्तिपुर चौक देखि जीवन चौकसम्म, रेन्जी चौक देखि पञ्चकन्यासम्म, झारबारीकृष्ण प्रसाद पोखेलको घर हुँदै रत्नपुर चौकसम्म, झारबारी संथाल चौक देखि आफन्तचौकसम्म, झारबारी शान्तिराम आचार्यको घरदेखि नारायण बान्तवाको घरसम्म, शितल डांडां चौक देखि तिन पैनीसम्म तिनपैनी देखिरत्नपुर चौकबाट जाने बाटो सम्म, रत्नपुर देखि सोनापुर हुदै गोहाबारी सम्म, गोहाबारी देखि शहिद मार्ग भट्टराई चौक हुँदै वडा नं ७ को सिमाना सम्म, गोहाबारी देखि साधुचौतारा हुँदै वडा नं ७ को सिमाना सम्म, साधु चौतारा देखि सोनापुर चौक सम्म, रत्नपुर चौक देखि रामु टोलसम्म गोहाबारी खयरबारी माझीटोल मार्ग पूर्व, देउनिया चौकदेखि शंखडुब्बा हुँदै साधुचौतारासम्म, सफल चौक देखि माईती चौकसम्म, जिम्दार चौक पूर्वका सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ५००,००० |
| ४ | तिनपैनी रत्नपुरबाट जानेबाटो दक्षिण पञ्चकन्या हुँदै जीवन चौक सम्म, दहिचौक दक्षिणबाट पूर्व वेनुप्रसाद शिवाकोटीको पूरानो टोल जाने बाटो, फाइटरको घरदेखि पञ्चकन्याजाने बाटो,भित्री शाखा सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ३००,००० |
| ५ | गोहाबारी देखि खयरबारी हुँदै माझी टोल जाने बाटोको पश्चिमका खोला प्रभावित जग्गा प्रतिकट्ठा | १५०,००० |
| ६ | कुनै सडकले नछोएका खेतीयोग्य जग्गा प्रतिकट्ठा | १५०,००० |

वडा नं. ७

| क. स. | स्थान | न्यूनतम मूल्य |
|---|---|---|
| १ | पाडाजुङ्गी - गौरीगंज सडक खण्डको वडा नं. ६ को सिमाना देखि दक्षिण गेउरिया गौरादह सिमाना पुलसम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | १५,००,००० |
| २ | शहिदमार्ग पात्लेघाट जाने बाटो देखि दक्षिण आर्यघाट जाने बाटोको चौकसम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ८,००,००० |
| | बाह्रघरे वजार क्षेत्र सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | गेउरिया पूर्व बारकोटी टोलबाट उत्तरतर्फ हिमाली बोर्डिङ्ग स्कूल जाने सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| ३ | गेउरिया वजार तल्लो चौक देखि पूर्व गौरादहको सिमानाको पुलसम्म सडक दायाँ बायाँ ३० मिटरभित्रका जग्गा प्रतिकट्ठा | ६,००,००० |
| | आयुर्वेदिक हस्पिटल पूर्वको सडक दायाँ बायाँ ३० मिटरभित्रका जग्गा प्रतिकट्ठा | |
| | सरस्वती मा.वि. को रङ्गपुर छात्रावास देखि पूरानोप्रहरी चौकीको दक्षिणमा रहेको कल्भर्ट सम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | शहिद मार्ग ६ नं. वडाको सिमाना देखि बाह्रघरे पात्लेघाट जाने सडक सम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | बाह्रघरे वजार देखि पूर्व सरस्वती मा.वि. हुँदै सरस्वती मा.वि. को रङ्गपुरमा भएको छात्रावाससम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |

| | | |
|---|---|---|
| | रङ्गपुर दक्षिणका कल्भर्ट देखि मियाँटोली चौकसम्म सडकदायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | प्रगति मार्ग वडा नं. ६ को सिमाना देखि दक्षिण रङ्गपुर बाह्रघरे सडक सम्म जोडिएको क्षेत्र सडक दायाँ बायाँ ३० मिटरभित्रका जग्गा प्रतिकट्ठा | |
| | बाह्रघरे बाजर क्षेत्र छोडेर दक्षिणबाट कल्भर्टसम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | मदनडाँडा पूर्वको पुलदेखि पूर्व सम्झना चौकसम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| ४ | मेमेडटोलबाट ल्अर्भा त्यधभच (एन सेल टावर) जाने बाटोसम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ४,००,००० |
| | मन्दिरडाँडा देखि गेउरिया वजार जाने सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | गेउरिया पुल देखि पश्चिम विष्णुकट्ठा हुँदै चारआली चौकसम्म र प्रगति मार्ग ल्अर्भा त्यधभच ( एन सेल टावर) पूर्व जाने बाटोसम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | बेलडाँगी चौक पश्चिम बाट धिमालडाँडा हँदै उत्तर नयाँ पुल सम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | गेउरिया सिंहदेवी थान देखि उत्तर आयुवे्दिक हस्पिटल जाने सडकदायाँ बायाँ ३०मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | आर्यघाट जाने बाटो देखि नौले चौक सम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| ५ | मियाँटोली चौक देखि सीता चौक सम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | ३,००,००० |
| | बाह्रघरे दक्षिण चांन्दू कल्भर्ट देखि सीता चौकसम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | बाह्रघरे दक्षिण स.उ.स. चौक बाट पश्चिम मलामी चौतारो सम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | रङ्गपुर पूरानो प्रहरी चौकी देखि पश्चिम उत्तर सरस्वती मा.वि. जाने सडक दायाँ बायाँ ३०मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | लालध्वन्द्रा चौकदेखि सिर्जना चौक, नौसिटे हुँदै सरस्वती मा.वि. जाने बाटो र नौसिटे बाट पूर्व प्रगति मार्गमा जोडनेक्षेत्रका सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | भट्टराई चौकवाट पिङ्गडाँडा हुँदै सिर्जना चौकसम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | एकता चौक बाट तीन सिटे हुँद बाह्रघरे जाने सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | सिर्जना चौक पूर्व देखि पश्चिम सुम्निमा चौकसम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | चारआली चौक देखि पश्चिम लालध्वन्द्रा चौक दक्षिणको बाटोमा जोडिने बाटो सम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्ठा | |
| | सिद्धेश्वर मन्दिर देखि पूर्व आयुवे्दिक हस्पिटलसम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा | |

| | | |
|---|---|---|
| | प्रतिकट्टा | |
| | एकता चौक दक्षिणको सिहदेवी मन्दिर देखि पश्चिम शहिद मार्गसम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्टा | |
| | लालध्वन्द्रा चौकबाट उत्तर माझि गाउँ हुँदै ६ नं. वडाको सिमानासम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्टा | |
| | लालध्वन्द्रा चौकबाट उत्तर पूर्व पिङ्गडाँडा स्कूलको छेउसम्म र नमूना बोर्डिङ्ग स्कूल पूर्व किराँत चौकसम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्टा | |
| | पिङ्गडाँडा उत्तर छेउघर पिपल चौक बाट वडा नं. ६ र ७ को सिमाना हँदै प्रगति मार्ग हुँदै गेउरिया उत्तर जोड्ने सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्टा | |
| ६ | सैनिकचौक देखि पूर्व मदनडाँडा हुँदै आचार्यटोल, लाकान्द्री टोल हुँदै सिंहदेवी प्रा.वि. को पूर्व उत्तर सिमाना सम्म । | २५०,००० |
| | एकता चौक दक्षिणको सिंहदेवी मन्दिरको दक्षिणबाट बाह्रघरे जाने सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्टा | |
| | सिर्जना चौक दक्षिणबाट सैनिक चौक तर्फ जाने सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्टा | |
| | पिङ्गडाँडा प्रा.वि. बाट दक्षिण मियाँटोलीसम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्टा | |
| | नौले चौक देखि दक्षिण गौरादह-५ को सिमाना सम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्टा | |
| | नौले चौकदेखि डाँडागाउँ र थापा चौकसम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्टा | |
| | मदन डाँडा पूर्व देखि दक्षिण गेउरिया खोला सम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्टा | |
| ७ | उक्त तोकिए वाहेकका सवै भित्री बाटाहरु | २००,००० |
| ८ | सीताचौक देखि धरधरे चांन्दू होली कल्भर्ट दक्षिण सीमसार र धरधरे उत्तर चाँन्दू कल्भर्ट सम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्टा | |
| | मलामी चौतारा देखि रतुवा खोला सम्म सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्टा | १५०,००० |
| | महाराज थान चौक बाट दक्षिण गौरादह- ५ सम्म सरस्वती मा.वि. दक्षिण मियाँटोली कल्भर्ट सम्म, बाह्रघरे पात्ले घाट हुँदै उत्तर माझीडाँडासम्म, ठूलो झर्का, बरगाछी चौकबाट दक्षिण जाने सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्टा | |
| | नौले चौक पूर्वबाट उत्तर सरस्वती मा.वि. जानेबाटो र सरस्वती मा.वि. पश्चिम बाट दक्षिण जाने सडक दायाँ बायाँ ३० मिटर भित्रका जग्गा प्रतिकट्टा | |
| ९ | रङ्गपुरको उत्तर चौकबाट सरस्वती मा.वि. हँदै एकताचौक, लालध्वन्द्रा र पूर्वतर्फ प्रगति मार्गको पश्चिम र पूर्व ६ नं. वडाको सिमानासम्म खेतीयोग्य जमिन प्रतिकट्टा | १,००,००० |
| | सडकले नछोएको खेतीयोग्य जग्गाहरु प्रतिकट्टा । | |
| १० | सीता चौक, मियाँटोल, सरस्वती मा.वि. बाह्रघरेदेखि दक्षिण झर्का सम्म शहिद मार्गले छेकेको | ५०,००० |

| | | |
|---|---|---|
| | पूर्वतर्फका भित्री खेतीयोग्य जमिनको मूल्य प्रतिकट्ठा । | |
| | रतुवा खोलाधारको कसेनीसँग जोडिएको पूर्वतर्फका जग्गाहरु प्रतिकट्ठा । | |
| ११ | रतुवा खोलाधारको जग्गा (पानीको बहाव क्षेत्र) प्रतिकट्ठा । | १५,००० |
| १२ | रतुवा खोलाधारको जग्गा (बगर तथा कसेनी क्षेत्र) प्रतिकट्ठा । | २५,००० |

## २.बहाल कर

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले कुनै व्यक्तिलाई वहालमा दिएकोमा सम्झौता रकमको ५ प्रतिशत र संस्थागत वहालमा दिएकोमा सम्झौता रकमको १० (दश) प्रतिशतका दरले घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ ।

## ३.व्यवसाय कर

कमल गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा देहाय बमोजिम व्यवसाय कर लगाइन र असुल गर्न सकिने ।

| क. स. | विवरण | रकम | नविकरण दस्तुर |
|---|---|---|---|
| १. | **मदिरातथा सुर्ती जन्य व्यापार व्यवसाय तर्फ** | | |
| क. | रक्सी बियरको डिलररसप्लायर्स | ५,००० | ५,००० |
| ख. | रक्सी बियरको सब डिलररसप्लायर्स | २,५०० | २,५०० |
| ग. | रक्सी बियरको खुद्रा बिक्री पसल | १,५०० | १,५०० |
| घ | चुरोट, बिडी, सुर्तीजन्य पदार्थको डिलर पसल | ३,००० | ३,००० |
| ङ | चुरोट,बिडी, सुर्तीजन्य पदार्थको सब डिलर पसल | १,५०० | १,५०० |
| च | चुरोट,बिडी, सुर्तीजन्य पदार्थको खुद्रा पसल | १,००० | १,००० |
| छ | हल्का पेय पदार्थको डिलर | ३,००० | ३,००० |
| ज | हल्का पेय पदार्थको सव-डिलर | २,००० | २,००० |
| झ | हल्का पेय पदार्थको खुद्रा पसल | १,००० | १,००० |
| २. | **निर्माण सामग्री तथा विद्युत सामग्री व्यापार व्यवसाय तर्फ** | | |
| क | हार्डवेयर, मेशिनरी, पेन्ट तथा मार्वलको थोक पसल | ३,००० | ३,००० |
| ख | हार्डवेयर, मेशिनरी, पेन्ट तथा मार्वलको खुद्रा पसल | २,५०० | २,५०० |
| ग | विद्युत सामग्री थोक पसल | २,००० | २,००० |
| घ | विद्युत सामग्री खुद्रा पसल | १,००० | १,००० |
| ङ | ग्लास हाउस आल्मुनियम फ्रेम | १,००० | १,००० |
| ३. | **किराना पसल तर्फ** | | |
| क | किराना थोक तथा खुद्रा पसल | २,००० | २,००० |
| ख | किराना खुद्रा पसल | १,००० | १,००० |

| | | | |
|---|---|---|---|
| र | भित्री सडकमा रहेका साना किराना पसल | ५०० | ५०० |
| ४. | **होटल सन्चालन व्यवसाय तर्फ** | | |
| क | मदिरा होटल सहित स्वीमिङ्ग | ७,००० | ७,००० |
| ख | होटल लज एण्ड रेष्टूरेन्ट खोली सञ्चालन गर्ने रिसोर्ट समेत | १०,००० | १०,००० |
| ग | रेष्टुरेन्ट, बार | २,००० | २,००० |
| घ | चिया नास्ता साथै मिठाई बनाई बिक्री गर्ने पसल | ५०० | ५०० |
| ङ | साधारण चिया नास्ता बनाई बिक्री गर्ने पसल | ३०० | ३०० |
| च | चिया नास्ता, खाना, माछा, मासु बनाई बिक्री गर्ने पसल | १,२०० | १,२०० |
| छ | क्याटरिंग पसल | ५,००० | ५,००० |
| ज | मदिरा सहितको खाना, नास्ता खुवाउने | १,५०० | १,५०० |
| ५. | **कपडा तथा फेन्सी पसल तर्फ** | | |
| क | कपडा तथा फेन्सी थोक पसल | ३,००० | ३,००० |
| ख | कपडा तथा फेन्सी खुद्रा पसल पसल | १,५०० | १,५०० |
| ग | व्याग पसल | १,५०० | १,५०० |
| ६. | **जुत्ता चप्पल पसल तर्फ** | | |
| क | जुत्ताको शो रुम | ३,००० | ३,००० |
| ख | जुत्ता चप्पल बिक्री पसल | १,००० | १,००० |
| ग | जुत्ता बनाई बिक्री गर्ने पसल | १,२०० | १,२०० |
| घ | जुत्ता चप्पल उद्योग ठूलो कम्पनी | १०,००० | १०,००० |
| ७. | **भाँडा पसल तर्फ** | | |
| क | भाँडा तथा किचन थोक पसल | ३,००० | ३,००० |
| ख | भाँडा तथा किचन खुद्रा पसल | १,२०० | १,२०० |
| ग | तामा पित्तलका भाँडाकुँडा बनाई बिक्री गर्ने पसल (घरेलु) | १,५०० | १,५०० |
| ८. | **सुनचाँदी गहना बनाई बिक्री गर्ने पसल** | ४,००० | ४,००० |
| ९. | **स्टेशनरी पुस्तक तथा मनिहारी पसल तर्फ** | | |
| क | स्टेशनरी तथा पुस्तक थोक | ३,००० | ३,००० |
| ख | स्टेशनरी तथा पुस्तक खुद्रा | १,२०० | १,२०० |
| ग | कस्मेटिक पसल थोक पसल | ३,००० | ३,००० |
| घ | कस्मेटिक पसल खुद्रा पसल | १,५०० | १,५०० |
| ङ | धागो टाँक फस्नर थोक पसल | २,००० | २,००० |
| च | धागो टाँक फस्नर खुद्रा पसल | १,००० | १,००० |
| १०. | **माछा मासु बिक्री पसल** | | |
| क | राँगा, खसी सुगुर, कुखुरा मध्ये २ वटा सेवा एकै ठाउमा भएमा | २,००० | २,००० |
| ख | राँगा, खसी सूंगुर, कुखुरा मध्ये १ वटा सेवा भएमा | १,००० | १,००० |
| ग | ताजा माछा, सिद्रा थोक पसल | २,००० | २,००० |
| घ | ताजा माछा, सिद्रा खुद्रा पसल | ८०० | ८०० |
| ङ | अण्डा बिक्री पसल | ८०० | ८०० |
| ११. | **औषधि व्यवसाय तर्फ** | | |



सृजना राई
लेखा अधिकृत

धनु प्रसाद शिवाकोटी
उपाध्यक्ष
कमल गाउँपालिका

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| क | औषधि थोक तथा डिस्ट्रीव्यटुर्स | ५,००० | ५,००० |
| ख | औषधी पसल र क्लिनिक | २,००० | २,००० |
| ग | औषधी पसल | १,२०० | १,२०० |
| घ | आर्युवेदिकरहोमियोप्याथिक औषधि पसल | १,००० | १,००० |
| ङ | एग्रोभेट थोक पसल | ५,००० | ५,००० |
| च | एग्रोभेट खुद्रा पसल | १,००० | १,००० |
| १२. | **सिलाई पसल तर्फ** | | |
| क | सटिंग, सुटिंग सहितको टेलरिंग व्यवसाय | २,००० | २,००० |
| ख | सिलाई पसल ३ थान देखि माथिलाई | १,००० | १,००० |
| ग | सिलाई पसल सामान्य | ५०० | ५०० |
| घ | बुटिक पसल | ५०० | ५०० |
| १३. | **इलेक्टोनिक्स बिक्री पसल तर्फ** | | |
| क | फ्रिज, टि.भि., डि. भि डि, मोबाइल, क्यामरा थोक बिक्री पसल | ५,००० | ५,००० |
| ख | फ्रिज, टि.भि., डि.भि.डि., मोबाइल, क्यामरा खुद्रा बिक्री पसल | २,५०० | २,५०० |
| ग | फ्रिज, टि.भि., डि.भि.डि., मोबाइल, क्यामरा मर्मत पसल | १,२०० | १,२०० |
| घ | घडी मर्मत पसल | ६०० | ६०० |
| ङ | सिडी पसल | ६०० | ६०० |
| १४. | **मर्मत तथा सम्भार सेवा तर्फ** | | |
| क | इन्जिन मर्मत हेभी, बस, ट्रक वर्क सप | ५,००० | ५,००० |
| ख | जीप, कार तथा ट्याक्टर मर्मत तथा सर्भिसिंग | २,५०० | २,५०० |
| ग | मोटर साइकल मर्मत शहरी क्षेत्र | १,५०० | १,५०० |
| घ | मोटर साइकल मर्मत ग्रामीण क्षेत्र | १,००० | १,००० |
| ङ | रिक्सा साइकल मर्मत | ५०० | ५०० |
| च | इलेक्ट्रोनिक्स मर्मत (रेडियो,टि.भी.,फ्रिज,मोवाइल आदि) | १,००० | १,००० |
| छ | टायर रिसोलिंग, टायर मर्मत, हावा भर्ने पंप्चर टाल्ने | ६०० | ६०० |
| १५. | **सवारी साधन एजेन्सी, थोक बिक्री पसल तथा पार्ट पूर्जा पसल तर्फ** | | |
| क | मोटर्स पार्ट उत्पादन | १५,००० | १५,००० |
| ख | बस ट्रक, ट्याक्टर, जिप, कार प्रति डिलर | १०,००० | १०,००० |
| ग | मोटर साइकल डिलर | ५,००० | ५,००० |
| घ | साइकल निर्माण तथा बिक्री | २,५०० | २,५०० |
| ङ | मोटर पार्टस, बिक्री | २,५०० | २,५०० |
| च | टायर डिलर | २,००० | २,००० |
| १६. | **सञ्चार सेवा तर्फ** | | |
| क | कलर ल्याब सेवा | १,००० | १,००० |
| ख | फोटो स्टुडियो सेवा | १,००० | १,००० |
| ग | टि.भि. च्यानल प्रसारण सेवा | १०,००० | १०,००० |
| घ | केबुल च्यानल प्रसारण सेवा | ५,००० | ५,००० |

| | | | |
|---|---|---|---|
| ङ | एफ.एम. प्रसारण सेवा | ५,००० | ५,००० |
| च | टुर एण्ड ट्राभल्स सेवा | २,००० | २,००० |
| छ | फोटोकपि, पि.सि.ओ., साइबर क्याफे सेवा | ६०० | ६०० |
| ज | कुरियर सेवा | ६०० | ६०० |
| झ | कम्प्युटर सप्लायर्स | २,००० | २,००० |
| ञ | वैदेशिक रोजगार सेवा शाखा समेत | १०,००० | १०,००० |
| १७. | ड्राइक्लिनिक पसल तर्फ | ६०० | ६०० |
| १८. | **सैलून तथा व्यूटीपार्लर तर्फ** | | |
| क | व्यूटिपार्लर सेवा तालिम सहित | २,००० | २,००० |
| ख | व्यूटिपार्लर सेवा । हयाण्सम पार्लर | १,००० | १,००० |
| ग | सैलुन | १,००० | १,००० |
| १९. | पेट्रोलियम पदार्थ तर्फ | | |
| क | पेट्रोल पम्प | १०,००० | १०,००० |
